# पथरी शनिश्चरे नगरपालिका

मोरङ, प्रदेश नं १, नेपाल

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ३ मिति : २०७७।१२।०४

भाग–१

पथरी शनिश्चरे नगरपालिका

ऐनको नाम : पथरी शनिश्चरे नगरपालिकाको स्वास्थ्य ऐन, २०७७

नगरसभावाट स्वीकृत मितिः २०७७।११।२८
प्रमाणिकरण मितिः २०७७।१२।०४

**प्रस्तावना :**

स्थानीय जनताहरुको आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको प्रमुख जिम्मेवारी हुने हुँदा स्वस्थ जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै, व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक विकासको लागि स्वच्छ, स्वस्थ एवं सुरक्षित वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन् गर्दै, स्वास्थ्य सेवावाट कुनै पनि नागरिक वन्चित हुने अवस्था आउन नदिन उपलव्ध स्रोत साधनको समुचित सदुपयोग गर्दै नेपालको संविधानले प्रत्याभुत गरेको निःशुल्क, आधारभूत स्वास्थ्य

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

सेवालाई स्थानीय तहमा व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२१ को व्यवस्थापकिय अधिकार र धारा २२६ को कानून बनाउन सक्ने अधिकार बमोजिम संविधानको अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित स्थानीय तहको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यन्वयनका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम कानूनी व्यवस्था गर्न, नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"पथरी शनिश्चरे नगरपालिकाको स्वास्थ्य ऐन,२०७७"** रहेको छ ।

२) यो ऐन नगर सभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संघीय जनस्वास्थ्य ऐन" भन्नाले जनस्वास्थ्य सेवा ऐन २०७५ लाई सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले पथरी शनिश्चरे नगरपालिकाको स्वास्थ्य ऐन २०७७ लाई सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले पथरी शनिश्चरे नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले पथरीशनिश्चरे नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "नगरपालिका क्षेत्र" भन्नाले पथरीशनिश्चरे नगरपालिका क्षेत्रभित्रको भूभाग सम्झनु पर्छ ।

(च) "अनुगमन समिति" भन्नाले दफा ११ बमोजिम गठित अनुगमन समितिलाई जनाउने छ ।

(छ) "आकस्मिक उपचार सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जोखिममा रहेका व्यक्तिहरूको जीवनलाई जोखिममुक्त गर्न, कुनै अंग गुम्न वा अशक्त हुने अवस्थावाट बचाउन आवश्यकता अनुसार तत्कालै दिनुपर्ने प्रारम्भिक तथा तत्काल सेवा सम्झनु पर्छ ।

(ज) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने नेपाल सरकारले तोके बमोजिम दफा ३ को उपदफा (२) बमोजिमका प्रबर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुर्नस्थापनात्मक सेवा सम्झनु पर्छ ।

(झ) "गैह्र सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले पथरीशनिश्चरे नगर क्षेत्रभित्र प्रचलित कानून बमोजिम नेपाल सरकारको स्वीकृति र संचालन अनुमति लिई गैह्र सरकारी, सहकारी तथा निजी लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्छ ।

अम्बिका प्रसाद घमला
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(ञ) "चिकित्सक तथा स्वास्थ्यकर्मी" भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ट) "जनस्वास्थ्य निरीक्षक" भन्नाले जनस्वास्थ्य सम्बन्धी अनुगमनको लागि तोकिएको पदाधिकारी सम्झनु पर्छ।

(ठ) "जंक फुड" भन्नाले ग्लुटेन, चिनी वा नुन वा अन्य वस्तुको अत्याधिक मात्रामा प्रयोग भएको प्रशोधित खाद्य सामग्री बुझिनेछ।

(ड) "फाष्ट फुड" भन्नाले अन्न, तरकारी, फलफुल, गेडागुडीहरु भुटेर, तारेर, पिसेर, प्याकिङ गरिएका खाद्य पदार्थलाई सम्झनु पर्दछ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेका नियममा तोकिएको प्रावधान सम्झनु पर्छ।

(ण) "सरकारी स्वास्थ्य संस्था" भन्नाले पथरीशनिश्चरे क्षेत्र भित्र नगरपालिका, प्रदेश र संघले संचालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्छ।

(त) "निर्देशिका" वा "कार्यविधि" भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका वा कार्यविधि सम्झनु पर्छ।

(थ) "प्रमुख" भन्नाले नगरपालिका प्रमुख सम्झनु पर्छ।

(द) "बोर्ड" भन्नाले दफा २९ बमोजिम गठित जनस्वास्थ्य बोर्डलाई सम्झनु पर्छ।

(ध) "सेवाग्राही" भन्नाले स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनु पर्छ।

(न) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदबाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता एवंम सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

(प) "स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका, इजाजतपत्र लिएका सरकारी, गैहसरकारी, निजी, सामुदायिक र सहकारीका रुपमा संचालित दफा ६ र ८ बमोजिमका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(फ) "स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर" भन्नाले सम्बन्धित गतिविधिको प्रत्यक्ष नतिजा स्वरूप पीडित पक्षको शारीरिक वा मानसिक रोग , चोटपटक, अंगभंग वा मृत्यु समेत सम्झनु पर्छ।

(ब) "शाखा" भन्नाले नगरपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ।



Scanned with CamScanner

(म) "अस्पताल जन्य फोहोरमैला" भन्नाले प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक तथा पुर्नस्थापनात्मक सेवा साथै स्वास्थ्य सम्बन्धी अध्ययन, अनुसन्धान आदि जस्ता क्रियाकलाप बाट उत्सर्जन भएको फोहर मैला भन्ने सम्झनु पर्दछ।

## परिच्छेद - २

## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक

३. **आधारभूत स्वास्थ्य सेवा :** (१) कुनै पनि नागरिकलाई स्वास्थ्य सेवावाट वञ्चित गरिने छैन। प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सर्वसुलभ रुपमा प्राप्त गर्ने अधिकार हुनेछ।

(२) नेपाल सरकार तथा यस नगरपालिकाले तोकेका देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक नागरिकलाई निःशुल्क प्राप्त गर्ने हक हुनेछ।

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन, मातृ तथा नवजात शिशु बाल स्वास्थ्य सेवा, प्रजनन स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्वन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलाङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्वन्धी सेवा,

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्वन्धी सेवा,

(छ) सामान्य आकस्मिक अस्वस्थताको सेवा,

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद, होमियोपेथिक तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा र

(ञ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा।

(३) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ।

(४) नेपाल सरकारले निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड, सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह सम्वन्धी अन्य व्यवस्था र प्रकृया बमोजिम उपदफा (२) र (३) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन कार्यपालिकाले गर्नेछ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त स्थानीय आवश्यकता अनुसार तोकिएको वर्ग, समुह, लिङ्ग वा क्षेत्रका नागरिकलाई तोकिए वमोजिमका अन्य स्वास्थ्य सेवा समेत कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्ने छ।

(६) आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायक :** (१) नगरपालिकाले देहाय वमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमवाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्ने छ।

(क) गाँउघर क्लिनिक र खोप केन्द्र,

(ख) शहरी स्वास्थ्य केन्द्र,

(ग) आधारभूत स्वास्थ्य सेवा केन्द्र,

अम्बिका प्रसाद घमला
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(घ) स्वास्थ्य चौकी,

(ङ) रक्त संचार केन्द्र,

(च) प्राथमिक स्वास्थ्य केन्द्र,

(छ) आयुर्वेदिक, होमियोपेथिक तथा मान्यता प्राप्त वैकल्पीक चिकित्सालय,

(ज) नगर फार्मेसी, सार्वजनिक फार्मेसी र अस्पताल फार्मेसी,

(झ) प्राथमिक अस्पताल, नगर अस्पताल

(ञ) सामुदायिक अस्पताल ।

(२) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले निजी, गैरसरकारी, सहकारी र सामुदायिक स्वास्थ्य संस्थासंग सहकार्य वा साझेदारी गर्न सक्नेछ ।

(३) नगरपालिका भित्र सरकारले संचालन गरेका वा आधारभूत स्वास्थ्य सेवा दिन भनी सम्झौता गरिएका स्वास्थ्य संस्थामा कुनै पनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा वन्देज गरिने छैन ।

५. <u>नगरपालिका स्वास्थ्य शाखा</u> : (१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्वन्धी नगरपालिकाको अन्य गतिविधि संचालन गर्नको लागि नगर कार्यपालिकाको कार्यालय मातहत एक स्वास्थ्य शाखा हुनेछ ।

२) नगर कार्यपालिकाको कार्यालयले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार उप शाखा र इकाईहरू बनाउन सक्नेछ । तिनको काम कर्तब्य तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ३

## स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन

६. <u>स्वास्थ्य संस्था स्थापना र संचालन</u> : (१) नगरपालिका क्षेत्र भित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि नगर कार्यपालिकाले देहायका स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ ।

(क) नगर अस्पताल र प्राथमिक अस्पताल,

(ख) प्राथमिक स्वास्थ्य केन्द्र,

(ग) स्वास्थ्य चौकी,

(घ) सार्वजनिक फार्मेसी, नगर फार्मेसी, अस्पताल फार्मेसी,

(ङ) नगर क्लिनिक,

(च) आयुर्वेद, होमियोपेथिक औषधालय तथा मान्यता प्राप्त वैकल्पीक चिकित्सालय,

(छ) रक्त संचार केन्द्र,

(ज) आधारभुत स्वास्थ्य सेवा केन्द्र,

(झ) शहरी स्वास्थ्य केन्द्र

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य संस्था ।

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्युनतम मापदण्ड संघीय सरकारले तोके बमोजिम हुनेछ ।

(३) नगरपालिकामा स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता र औचित्यता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था रहने गरी कार्यपालिकाले स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन गर्न सक्ने छ ।

पथरी शनिश्चरे नगरपालिका नगर कार्यपालिकाको कार्यालय पथरी, मोरङ प्रदेश नं.-१, नेपाल

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(४) नगरपालिकाले उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त तोकिए बमोजिमका अन्य सेवाको सुनिश्चितता गर्ने छ।

(५) हरेक सरकारी अस्पतालहरुले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधिहरुको नियमित उपलब्धता सुनिश्चित गर्नुका साथै अन्य आवश्यक औषधिहरु सुपथ मूल्यमा उपलब्ध गराउनु पर्नेछ।

(६) औषधि सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

७. **स्वास्थ्य संस्था व्यवस्थापन समिति** : (१) नगरपालिकाको स्वामित्व रहेको अस्पतालको व्यवस्थापन प्रयोजनार्थ देहाय बमोजिमको ९ सदस्यीय एक नगर अस्पताल व्यवस्थापन समिति हुनेछ।

(क) नगर प्रमुख — अध्यक्ष

(ख) नगर उपप्रमुख — उपाध्यक्ष

(ग) अस्पताल रहेको वडाको वडा अध्यक्ष — सदस्य

(घ) स्वास्थ्य क्षेत्रसँग सम्बन्धित ब्यक्ति मध्ये नगर कार्यपालिकाले तोकेको १ जना — सदस्य

(ङ) सामाजिक विकास समितिको संयोजक वा निजले तोकेको समितिको सदस्य — सदस्य

(च) सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येवाट नगर कार्यपालिकाले तोकेको १ जना — सदस्य

(छ) स्थानीय लब्धप्रतिष्ठित समाजसेवी मध्येवाट नगर कार्यपालिकाले तोकेको व्यक्ति कम्तिमा १ महिला सहित २ जना — सदस्य

(ज) स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

(२) नगरपालिकाको स्वामित्व रहेका अन्य स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको ९ सदस्यिय एक व्यवस्थापन समिति हुनेछ।

(क) स्वास्थ्य संस्था रहेको वडाको वडा अध्यक्ष — अध्यक्ष

(ख) स्थानीय लब्ध प्रतिष्ठित समाजसेवी मध्येवाट सम्वन्धित वडा समितिले तोकेको १ महिला सहित २ जना — सदस्य

(ग) वडा समितिले तोकेको सामाजिक क्षेत्र, स्वास्थ्य क्षेत्र वा शिक्षा क्षेत्रमा कृयाशिल स्थानीय व्यक्तिहरू मध्ये १ महिला सहित २ जना — सदस्य

(घ) वडा समितिले तोकेको सम्बन्धित वडाको महिला स्वास्थ्य स्वयं सेविका मध्येवाट १ जना — सदस्य

(ङ) वडा समितिको सिफारिसमा सम्वन्धित वडा सदस्यहरु मध्येबाट २ जना (१ जना महिला सहित) — सदस्य

(च) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख — सदस्य सचिव

(३) स्वास्थ्य शाखा प्रतिनिधि १ जना आमन्त्रीत सदस्य रहन सक्नेछ।

(४) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको वैठकमा आमन्त्रण गर्न सक्ने छ।

(५) नगर प्रमुख तथा जनस्वास्थ्य बोर्ड यस नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको संरक्षक रहनेछन्।

(६) व्यवस्थापन समितिको काम, कर्तव्य अधिकार र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. **स्वास्थ्य संस्था संचालन अनुमति लिनुपर्ने** : (१) नेपाल सरकारले निर्धारण गरेको मापदण्डका साथै तोकिएको प्रक्रिया पुरा गरेको सुनिश्चित गरी नगरपालिका क्षेत्रभित्र निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थालाई कार्यपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालनको लागि ईजाजत पत्र दिन सक्नेछ।

(क) जनरल अस्पताल, प्राथमिक अस्पताल, विषयगत सेवा केन्द्रित प्राथमिक तहका अस्पतालहरू

(ख) स्वास्थ्य क्लिनिक,

(ग) औषधि पसल, फार्मेसी सेवा,

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(घ) आयुर्वेदिक, होमियोप्याथिक क्लिनिक र औषधालय,

(ङ) पुर्नस्थापना केन्द्र,

(च) पोलिक्लिनिक,

(छ) प्रयोगशाला, मेडिकल ल्याब, डायग्नोष्टिक सेवा,

(ज) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धी सेवा र

(झ) तोकिए बमोजिमका मान्यता प्राप्त अन्य स्वास्थ्य सेवा

(२) इजाजतपत्र प्राप्त नगरी गैर सरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि कार्य गर्न पाउने छैन ।

(३) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नवीकरण गर्न दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइने दरखास्तको ढाँचा र तिर्नु पर्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा स्वास्थ्य शाखाले तोकिएको प्रकृयाका साथै नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड समेत पुरा भएको सुनिश्चित गर्नेछ ।

(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनु पूर्व नगरपालिकाको स्वास्थ्य संस्था अनुगमन समितिले सिफारिस गर्नुपर्नेछ ।

(७) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको वार्षिक प्रतिवेदन नगर कार्यपालिकाको कार्यालय समक्ष पेश गरी दर्ता नविकरण वा नविकरण सिफारिस लिनुपर्नेछ ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा नगर कार्यपालिकाको कार्यालयलाई अग्रिम जानकारी गराउनुपर्ने छ ।

(९) यो ऐन जारी हुनु अघि नगरपालिका क्षेत्र भित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू यो ऐन जारी भए पश्चात कार्यपालिकाले तोकेको अवधी भित्र ईजाजत अनुमति वा दर्ता वा सूचीकृत गराउनु पर्नेछ ।

(१०) मान्यता प्राप्त परम्परागत उपचार सेवा संचालन गर्ने निकाय वा व्यक्तिले तोकिएको मापदण्ड र प्रकृया अनुरुप सेवा संचालन स्वीकृति लिनुपर्नेछ ।

(११) ईजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. <u>दर्ता सिफारिस लिनुपर्ने</u> : (१) नगरपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा ईजाजतपत्र लिई र दर्ता भई संचालन हुने वा हाल संचालनमा रहेका निजी, सामुदायिक, गैरसरकारी तथा सहकारी स्वास्थ्य संस्थाले स्थापना तथा संचालन र नवीकरणको लागि नगर कार्यपालिकाको कार्यालयबाट सेवा संचालन सम्बन्धि अनुमति वा दर्ता र नवीकरण सिफारिस लिनुपर्नेछ ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी, सामुदायिक तथा गैरसरकारी स्वास्थ्य संस्थाले मापदण्ड वमोजिमका शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा १०% संख्यामा नगरपालिका तथा वडा कार्यालयले सिफारिस गरेका असहाय, अपाङ्ग, गरिव तथा विपन्न नागरिकको निःशुल्क उपचार गर्नुपर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र संचालित स्वास्थ्यसंग सम्बन्धित शिक्षण संस्थाहरू नगरकार्यपालिकाको कार्यालयमा दर्ता हुनुपर्नेछ ।



Scanned with CamScanner

## परिच्छेद - ४
## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर

१०. **गुणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नुपर्ने** : (१) नगरपालिकाले नगर क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गूणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ ।

११. **अनुगमन** : (१) दफा १० को उप दफा १ बमोजिमको मापदण्ड अनुरुपको सेवा र पूर्वाधार गुणस्तर कायम, अनुगमन, निरीक्षण र मुल्याङ्कन गर्नको लागि निम्न बमोजिम ७ सदस्यिय एक अनुगमन समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) नगर उपप्रमुख | संयोजक |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) नगर अस्पतालको चिकित्सक १ जना | सदस्य |
| (ङ) संयोजकको सिफारिसमा कार्यपालिका सदस्यहरु मध्येबाट २ जना महिला | सदस्य |
| (च) सामाजिक विकास समिति संयोजक वा निजले तोकेको समिति सदस्य | सदस्य |
| (छ) नगर कार्यपालिकाको कार्यालयको स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिले आवश्यक देखेमा विज्ञलाई आमन्त्रण गर्न सक्ने छ ।

(३) अनुगमन समितिको काम कर्तव्य र अधिकार तोकीए बमोजिम हुनेछ ।

(४) अनुगमन प्रकृया र कार्यविधि तोकीए बमोजिम हुनेछ ।

१२. **सेवा शुल्क निर्धारण र पुनरावलोकन** : (१) कार्यपालिकाले संघीय तथा प्रदेश सरकारले तोकेको मापदण्ड अनुसार नगरपालिका क्षेत्र भित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सो को कार्यान्वयन भए नभएको नियमित अनुगमन गर्नेछ ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकूल नहुने गरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नुपर्ने आधार प्रष्ट खुलाई नगर कार्यपालिकाको कार्यालय मार्फत कार्यपालिकाबाट पूर्व स्वीकृति गराउनेछ । यसरी निर्धारित शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नेछ ।

## परिच्छेद - ५
## सरसफाई, अस्पतालजन्य फोहोर व्यवस्थापन तथा स्वस्थ वातावरण

१३. **अस्पताल जन्य फोहोर मैला व्यवस्थापन** : (१) अस्पताल जन्य फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि तोकीए बमोजीम हुनेछ ।

(२) नगरपालिकाले स्वास्थ्य क्षेत्रवाट निस्कासित अस्पतालजन्य फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसंग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ ।

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## परिच्छेद - ६
## जनस्वास्थ्य निरीक्षण र प्रवर्द्धन

१४. **जनस्वास्थ्य निरीक्षण:** (१) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आमजनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले संघ तथा प्रदेशसँगको समन्वयमा आवश्यक मात्रामा जनस्वास्थ निरीक्षकहरू परिचालन गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐनको परिच्छेद ५ वा परिच्छेद ६ को उल्लङ्घन गरी जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा सम्बन्धित निरीक्षकले वस्तु स्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि सो कार्य स्थगन गराई कारवाहीका लागि सिफारिस गर्नेछ ।

१५. **खाद्य तथा पानीको गुणस्तर** : (१) प्रचलित संघीय र प्रादेशिक मापदण्डको आधारमा नगरपालिका क्षेत्रभित्र उत्पादन, प्रशोधन, विक्रि तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्तिकर्ताको मापदण्ड तोकीए बमोजीम हुनेछ ।

(२) संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका विक्रेता तथा आपूर्तिकर्तालाई संचालन अनुमति दिनेछ ।

(३) नियमित रूपमा मापदण्ड पालना भए/नभएको सन्दर्भमा सम्बन्धित निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ ।

१६. **अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन**

(१) नगरपालिकाले सुर्ती वा सुर्ती जन्य वस्तु, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती वा सुर्ती जन्य वस्तु, मदिरा तथा अखाद्य पदार्थको विक्री तथा वितरणलाई नियमन, नियन्त्रण ब्यबस्थित र मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरणका लागि नगरपालिकामा सूचीकृत गर्नुपर्नेछ ।

(३) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ वितरणमा नगरपालिका ले बन्देज लगाउन सक्नेछ ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण र प्रयोगमा नियन्त्रण एवं न्युनिकरण गर्न नगरपालिकाले निशेधित र विक्रि वितरणका लागि खुला क्षेत्र तोक्न सक्नेछ ।

(५) नगरपालिका भित्र मदिरा, चुरोट, सुर्ती वा सुर्तीजन्य पदार्थ लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइने छैन ।

(६) १८ वर्ष मुनिका वालवालिकालाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ विक्री वितरण र ओसार पसारको कार्य गराउन पाइने छैन ।

(७) विद्यालय, स्वास्थ्य संस्था लगायत कार्यपालिकाले तोकेका स्थानमा जंक फुड, मदिरा तथा सुर्ति वा सुर्तीजन्य पदार्थको विज्ञापन, प्रचार प्रसार, ओसार पसार, विक्री, वितरण, र उपभोग गर्न निषेधित गरिनेछ ।

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

पथरी, मोरङ
प्रदेश नं.-१, नेपाल



Scanned with CamScanner

## परिच्छेद - ७
## स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन

१७. **स्वास्थ्य पुर्वाधार र मापदण्ड** : कार्यपालिकाले आफ्नो स्वामीत्वमा रही संचालनमा आएका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्वन्धी भौतिक पूर्वाधारको पुनःनिर्माण तथा औजार उपकरणको संरक्षण र सम्वर्द्धन गर्नेछ ।

१८. **जनशक्तिको व्यवस्थापन** : (१) नगरपालिकाको स्वामीत्व रहेका स्वास्थ्य संस्था मार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि देहाय वमोजिमको जनशक्ति रहनेछ ।

(क) स्थायी,

(ख) करार,

(ग) अभ्यासकर्ता,

(घ) स्थानीय महिला स्वास्थ्य स्वयंसेविका,

(ङ) सःशुल्क स्वंय सेवक र

(च) निःशुल्क स्वंय सेवक

(२) जनशक्ति व्यवस्थापन सम्वन्धी अन्य व्यवस्था प्रचलित कानून र तोकिए वमोजिम हुनेछ ।

१९. **कार्य सम्पादन करार गर्नुपर्ने** : स्वास्थ्य सेवालाई प्रभावकारी वनाउन कार्यपालिकाले स्वास्थ्य जनशक्तिहरुसंग छुट्टाछुट्टै कार्य सम्पादन करार गर्न सक्नेछ ।

## परिच्छेद - ८
## विपद् व्यवस्थापन र जनस्वास्थ्य आपत्काल

२०. **विपद् व्यवस्थापन संयन्त्रः** (१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपद्हरुको पुर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्युनिकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रवन्ध गर्नेछ र सो सम्वन्धी कार्यविधी तोकीए वमोजिम हुनेछ ।

(२) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा सो सम्वन्धमा कार्यपालिकाले निर्णय गरे वमोजिम हुनेछ ।

## परिच्छेद ९
## औषधि तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण, वितरण तथा नियमन

२१. **औषधि खरिद, भण्डारण र वितरण सम्वन्धी व्यवस्थाः**

(१) नगरपालिकालाई आवश्यक पर्ने औषधि तथा स्वास्थ्यजन्य उपकरणको खरिद, भण्डारण र वितरण गर्नेछ ।

(२) उपदफा (१) वमोजिमको औषधि तथा स्वास्थ्यजन्य उपकरणको खरिद गर्दा सार्वजनिक खरिद ऐन र औषधि सम्वन्धी प्रचलित ऐन कानून वमोजिम हुनेछ ।

२२. **नियमन** : कार्यपालिकाले संघीय तथा प्रादेशिक तहका प्रचलित कानून समेतलाई आधार मानी नगरपालिका क्षेत्रभित्र औषधिको विक्रि, वितरण तथा प्रयोगको नियमन गर्नेछ ।

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## परिच्छेद - १०
## साझेदारी र सहकार्य

२३. **साझेदारी र सहकार्य गर्न सक्ने** : (१) कार्यपालिकाले आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न तथा यस ऐनको कार्यान्वयन गर्न प्रचलित कानूनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहमा कार्यरत निजी, सरकारी, सामुदायिक तथा गैरसरकारी संघसंस्था तथा निकायसंग सहकार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको कार्यपालिकाले अन्य नगरपालिकासँग आवश्यकताको आधारमा सहकार्य गर्न सक्नेछ ।

२४. **विद्यालय स्वास्थ्य सेवा** : नगरपालिकाले सामुदायिक विद्यालयमा स्वास्थ्य सेवा प्रदान गर्न संघ, प्रदेश र स्थानीय तहको समन्वयमा विद्यालय चिकित्सकको व्यवस्था गर्न सक्नेछ ।

२५. **घुम्ती शिविर सम्बन्धी व्यवस्था** : (१) नगरपालीका क्षेत्र भित्र स्वास्थ्य सम्वन्धी घुम्ती शिविर, तालीम, गोष्ठी, सेमीनार कार्यक्रमहरु सञ्चालन गर्न नगर कार्यपालिकाको कार्यालयवाट अनुमति लिनु पर्नेछ ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पूरा गर्नु पर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

(३) अनुमती नलिइ उप दफा (१) वमोजिम कार्य गरेमा कार्यपालिकाले रोक लाउन सक्नेछ ।

## परिच्छेद - ११
## तथ्यांक र अभिलेख

२६. **तथ्याङ्क संकलन र अभिलेखिकरण** : (१) नगरपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मको स्वास्थ्य सम्वन्धी तथ्यांक र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको ढाँचामा तथ्यांक र अभिलेख नियमित रुपमा अद्यावधिक गर्ने गराउने सन्दर्भमा तोकीए वमोजिम हुनेछ ।

२७. **जानकारी पाउने हक** : विरामीलाई आफ्नो उपचार सम्वन्धी सम्पुर्ण जानकारी पाउने हक हुनेछ । सो जानकारी उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद - १२
## आकस्मिक स्वास्थ्य सेवा

२८. **आकस्मिक सेवाबाट बन्देज नगरिने** : (१) नगरपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि विरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने गरि रोक लगाईने छैन ।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनै पनि व्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको कर्तव्य र दायीत्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि विरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ ।

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(४) उपदफा (१) को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि नगरपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नसक्नेछ। उक्त कोषको संचालन कार्यपालिकाले तोकी दिए बमोजीम हुनेछ।

२९. एम्बुलेन्स तथा शव वाहन सेवा : (१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य निकायहरुसँगको सहकार्यमा एम्बुलेन्स तथा शव वाहन सेवा संचालन गर्न सक्नेछ।

(२) नगरपालिकाले नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्वुलेन्स तथा शव वाहनहरू नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप भए नभएको अनुगमन तथा नियमन गर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्वुलेन्स तथा शव वाहनहरू संचालकले नगर कार्यपालिकाको कार्यालयमा दर्ता गरि वार्षिकरुपमा नवीकरण गराउनु पर्नेछ।

(४) नगरपालिकाले अन्य स्थानीयतहसँगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ।

(५) उपदफा ३ बमोजिम दर्ता तथा नवीकरण नभएका एम्बुलेन्स तथा शव वाहन कार्यपालिकाको निर्णयवाट रोक लगाउन सक्नेछ।

## परिच्छेद - १३
## प्रेषण तथा उपचार प्रणाली

३०. प्रेषण तथा उपचार प्रणाली : (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको सेवाग्राहीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त त्यस्तो सेवाग्राही लाई उपचार प्रदान गर्नसक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(३) कार्यपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागु गर्नेछ।

## परिच्छेद - १४
## सेवाग्राहीको कर्तव्य र सेवा प्रदायकको दायित्व

३१. सेवाग्राहीको कर्तव्य :(१) सेवा प्रदायक संस्था, व्यक्ति तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहारगर्नु प्रत्येक सेवाग्राही नागरिकको कर्तव्य हुनेछ।

३२. सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायित्व : (१) सेवाग्राहीलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सवै सेवाग्राही प्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिनु सवै स्वाथ्यकर्मीक कर्तव्य हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्न सक्नेछ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा र कार्यमैत्री वातावरणको हक हुनेछ।

३३. स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाइने : नगर क्षेत्र भित्रका स्वास्थ्य सेवा कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन।

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद - १५
## दण्ड, जरिवाना र क्षतिपुर्ति

३४. <u>कसूर गरेको मानिने</u> : (१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिने छ:-

(क) दफा ८ बमोजिम ईजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) दफा ४ (३) र दफा ३४ बमोजिम स्वास्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक सेवा अवरुद्ध गरेमा,

(ग) दफा ३२(२) बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा,

(घ) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(ङ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(छ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,

(ज) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा,

(झ) सेवा अवरुद्ध गरेमा ।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन बमोजिम हुनेछ,

३५. <u>जरिवाना</u> : (१) दफा ३४ को उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज) र (झ) बमोजिमको कसूर गरेमा नगर कार्यपालिकाले पच्चीस हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दण्ड, सजाय र जरिवाना सम्बन्धी अन्य व्यबस्था प्रचलित कानून बमोजिम हुनेछ ।

३६. <u>क्षतिपुर्ति दिनुपर्ने</u> : (१) नगरपालिका भित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरितका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा त्यस्तो कार्यबाट पिडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत कार्यपालिका वा तोकिएको निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

२) उपदफा (१) बमोजिम परेको निवेदन सम्वन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुर्याउने व्यक्ति वा संस्था बाट पिडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

३७. <u>पुनरावेदन दिन सक्ने</u> : दफा ३६ बमोजिम गरेको जरिवाना र नगर कार्यपालिकाले आफैं क्षतीपुर्ती भराउने विषयका निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले ३५ दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## परिच्छेद - १६
## स्थानीय जनस्वास्थ्य बोर्ड

३८. **स्थानीय जनस्वास्थ्य बोर्डको गठन** : (१) नगरपालिकाले जनस्वास्थ्यसँग सरोकार निकायका उच्च अधिकारीहरु तथा विज्ञहरुको संलग्नता हुने गरी निम्न बमोजिमको २१ सदस्यीय जनस्वास्थ्य बोर्ड स्थापना गर्नेछ ।

| | |
|---|---|
| (क) नगर प्रमुख | अध्यक्ष |
| (ख) नगर उपप्रमुख | उपाध्यक्ष |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) वडा अध्यक्षहरु | सदस्य |
| (ङ) नगरकार्यपालिकाको सिफारिसमा कार्यपालिका सदस्यहरु मध्येबाट २ जना महिला | सदस्य |
| (च) स्थानीय निजि तथा गैर सरकारी अस्पताल वा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक वा स्वास्थ्यकर्मी मध्ये नगर प्रमुखले तोकेको १ जना | सदस्य |
| (छ) नगर प्रमुखले तोकेको जनस्वास्थ्य क्षेत्रका विज्ञ १ जना | सदस्य |
| (ज) स्थानीय सरकारी अस्पतालको मेडिकल सुपरिटेन्डेण्ट | सदस्य |
| (झ) स्थानीय क्षेत्र मा बैकल्पिक चिकीत्सा सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मी मध्ये नगर प्रमुखले तोकेको १ जना | सदस्य |
| (ट) सामाजिक विकास समितिको संयोजक वा निजले तोकेको समिति सदस्य १ जना | सदस्य |
| (ञ) स्थानीय स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

२) बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) बोर्डले देहायका कार्य गर्नेछ:-

(१) स्थानीय स्तरमा स्वास्थ्य सुरक्षा, सम्बर्द्धन, सुधार र योजना सम्बन्धी नीति निर्धारण गर्ने,

(२) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरु निर्धारण गर्ने,

(३) राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने,

(४) जनस्वास्थ्य सम्बन्धी राष्ट्रिय रणनीति, ढाँचा वा नियमनहरुलाई स्थानीय स्तरमा लागू गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन तथा अनुगमन गर्ने,

(५) रोगहरुको रोकथाम, प्रबर्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धी कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकार सँग आवश्यक सहयोग तथा परामर्श लिने ।

(६) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(ख) बोर्डले स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप-समिति गठन गर्न सक्नेछ ।

(३) वोर्ड सम्वन्धी अन्य कार्यविधि वोर्ड आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) वोर्डमा मनोनीत सदस्यको पदावधि ३ बर्षको हुनेछ ।

३९. **स्वास्थ्य सम्वन्धी योजना तर्जुमा र कार्यक्रम संचालन गर्ने** : स्वास्थ्य सम्वन्धी योजना र कार्यक्रमको संचालन स्थानीय जनस्वास्थ्य वोर्डले तर्जुमा गरी नगर कार्यपालिका समक्ष पेश गर्नेछ ।

४०. **समन्वय तथा सहयोग गर्ने** : राष्ट्रिय तथा प्रादेशिक जनस्वास्थ्य अभियानमा स्थानीय तहले सहयोग पुर्याउने छ ।

अम्बिका प्रसाद घमला
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद - १७
### विविध

४१. **पोषण कार्यक्रम संचालन गर्ने** : (१) पोषण सुरक्षा कार्यक्रमको संचालन र प्रवर्द्धन गर्नेछ।

(२) स्तनपान प्रवर्द्धनका कार्यक्रम संचालन गर्नेछ।

(३) नगरपालिका क्षेत्रभित्र कुपोषणको पहिचान, न्युनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित वालवालिकाको पुनर्स्थापनाको कार्यक्रम संचालन गर्न सक्नेछ।

४२. **सामाजिक सुरक्षा र स्वास्थ्य बिमा** : (१) नगरपालिका क्षेत्रका सबै नागरीकलाई स्वास्थ्य वीमा ऐनले तोकीए बमोजिम स्वास्थ्य विमामा आवद्ध गराउनु दायीत्व हुनेछ।

(२) कार्यपालिकाले सम्वन्धित निकायसंगको सहकार्यमा सामाजिक सुरक्षा सम्वन्धी जनचेतनाका कार्यक्रम संचालन गर्न सक्नेछ।

(३) विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य विमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरूसंग समन्वय गर्नेछ।

(४) महिला, बालवालिका, किशोरकिशोरी, दलित, सिमान्तकृत, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक र अन्य लक्षित समुहहरुका लागि कार्यविधि बनाई कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु संचालन गर्न सक्नेछ।

४३. **नियम बनाउन सक्ने** : यस ऐनको कार्यन्वयनको लागि नगर कार्यपालिकाले आवश्यक नियम वनाउन सक्नेछ र त्यस्तो नियम नगरपालिकाले स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ।

४४. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्ने** : यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

४५. **अधिकार प्रयोग गर्न सक्ने** : यस ऐनमा नगर सभाले गर्ने भनि तोकेको वाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ।

४६. **प्रचलित कानून वमोजिम हुने** : यस ऐनमा लेखिएजति विषय यसै ऐन वमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

४७. **परामर्श लिन सक्ने** : कार्यपालिका, नगर सभा वा शाखाले यस ऐनको कार्यान्वयनको लागि सम्वन्धित विषयका विज्ञसंग सल्लाह र परामर्श लिन सक्नेछ।

४८. **अधिकार प्रत्यायोजन गर्न सक्ने** : कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार शाखामा प्रत्यायोजन गर्न सक्नेछ।

४८. **खारेजी तथा बचाउ** : यस ऐन जारी हुँदाको बखत कुनै पनि स्वास्थ्य संस्थाले प्रचलीत कानून अनुसार सम्वन्धित निकायवाट अनुमति लिई सेवा संचालन गरिरहेको र नविकरण म्याद समाप्त नभएकोमा सो अवधी समाप्त नभए सम्मका लागि यसै ऐन बमोजिम नविकरण भए गरेको मानिने छ साथै यो ऐन लागू हुन भन्दा अगावै भए गरेका काम कारवाही यसै ऐन बमोजिम भए गरेको मानिने छ।

आज्ञाले,

अम्बिका प्रसाद धमला
प्रमुख प्रशासकीय अधिकृत